# पिएम कपको सेमिफाइनल समीकरण पूरा

**काठमाडौं ।** प्रधानमन्त्री कप (पिएम कप) एकदिवसीय पुरुष क्रिकेट प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको छ । मूलपानी क्रिकेट मैदानमा सोमबार भएको खेलमा प्रदेश-२ लाई चार विकेटले पराजित गर्दै पुलिस समूह 'बी' को उपविजेता बन्दै सेमिफाइनलमा प्रवेश गरेसँगै अन्तिम चारको समीकरण पूरा भएको हो ।

पुसिलसँगै समूह 'बी'को विजेताका रूपमा बागमती प्रदेश सेमिफाइनलमा पुगेको हो । बागमतीले सात र पुलिसले ६ अंकसहित अन्तिम चारमा स्थान बनाएका हुन् । यस समूहबाट लुम्बिनी, सुदूरपश्चिम र प्रदेश २ बाहिरिए । यस्तै समूह 'ए'बाट समूह विजेताका रूपमा नेपाल एपीएफ क्लब र समूह उपविजेताका रूपमा त्रिभुवन आर्मी क्लब सेमिफाइनलमा प्रवेश गरे । यस प्रदेशबाट कर्णाली, गण्डकी र प्रदेश १ बाहिरिए ।

सोमबार भएको समूह 'बी'को अन्तिम खेलमा प्रदेश २ ले दिएको १७० रनको लक्ष्य पुलिसले ३८ ओभरमा ६ विकेट गुमाएर भेट्टायो । पुलिसको जितमा अनिल साहले अविजित ४७ रन बनाउनुभयो । यस्तै कुशल भुर्तेलले ४३, दीपेन्द्रसिंह



ऐरी र अमित श्रेष्ठले समान १७-१७ रन जोड्नुभयो । प्रदेश-२ का कुमार थापा र विवेक यादवले तीन/तीन विकेट लिनुभयो ।

यसअघि टस हारेर पहिले ब्याटिङ गरेको प्रदेश-२ ले ४७ ओभरमा नौ विकेट गुमाएर १६९ रन बनाएको थियो । उसका लागि हरिशंकर साहले ८४ बलमा पाँच चौका र एक छक्कासहित ५३ रनको अर्धशतकीय इनिङ्स खेल्नुभयो । पुलिसका ललित राजवंशीले चार विकेट लिनुभयो ।

यता, कीर्तिपुर मैदानमा भएको खेलमा एपीएफ क्लबले त्रिभुवन आर्मी क्लबलाई चार विकेटले पराजित गरेको छ । एपीएफले दिएको २४१ रनको लक्ष्य पछ्याएको आर्मीले निर्धारित ५० ओभरमा आठ विकेट गुमाएर २३४ रनमात्रै बनाउन सक्यो ।

आर्मीका लागि अनिल मण्डलले ७६ बलमा आठ चौकासहित सर्वाधिक ४५ रन जोड्नुभयो । यस्तै राजेश पुलामीले ३३, विक्रम सोवले २८, लोकेश बमले २१, रोहित पौडेलले ३० र साहब आलामले २० रन जोडे पनि आर्मीले विजयी लक्ष्य भेटाउन सकेन । एपीएफका कमल ऐरिले तीन विकेट लिनुभयो ।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको एपीएफले ४९.४ ओभरमा सबै विकेट गुमाएर २४० रन बनाएको थियो । एपीएफका लागि सुमित महर्जनले सर्वाधिक ४६, सुवास खकुरेलले ३८ र सन्दीप जोराले २८ रन जोड्नुभएको थियो । आर्मीका हरि चौहानले पाँच विकेट लिनुभएको थियो ।

प्रधानमन्त्री कपमा अब पहिलो सेमिफाइनल यही माघ १४ गते र दोस्रो सेमिफाइनल १५ गते हुनेछ । फाइनल खेल माघ १७ गते हुने आयोजक नेपाल क्रिकेट संघ (क्यान) ले जनाएको छ ।

# महिला लिगमा चन्द्रपुरको फराकिलो जित

**काठमाडौं ।** रौतहटको चन्द्रपुर नगरपालिकाले राष्ट्रिय महिला लिग फुटबलमा पहिलो जित दर्ता गरेको छ । सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा सोमबार भएको खेलमा उदयपुरको चौदण्डीगढी नगरपालिकालाई चद्रपुरले ७-१ गोल अन्तरको फराकिलो अन्तरले पराजित गरेको हो ।

चन्द्रपुरको जितमा सबिता राना मगरले ह्याट्रिक गर्नुभयो भने दिल कुमारी राना मगरले दुई गोल थप्नुभयो । यस्तै रजनी थोकर र सुनिता भोलानले एक एक गोल गरिन् । चौदण्डीकी अन्जना थुलुङले एक गोल फर्काउनुभएको थियो ।

त्यसअघि आइतबार भएको खेलमा सावित्रा भण्डारीको चार गोलको मद्दतमा विभागीय टोली सशस्त्र प्रहरी बलको एपीएफ क्लबले विराटनगर महानगरपालिकालाई ७-० गोलअन्तरले पराजित गरेको छ । एपीएफ क्लबको यो लगातार दोस्रो जित हो । खेलको प्लेयर अफ दि म्याच सरु लिम्बु घोषित हुनुभयो । एपिएफले पहिलो खेलमा रौतहटको चन्द्रपुर नगरपालिकालाई ६-० गोलअन्तरले हराएको थियो । विराटनगरले भने पहिलो खेलमा स्याङ्जाको वालिङ नगरपालिकासँग एक/एक गोलको बराबरी खेलेको थियो ।


## CHAUTARA SANGCHOKGADHI MUNICIPALITY
### Office Of The Municipal Executive
### Chautara, Sindhupalchok

**Request for Expression of Interest(EOI)-Electronic Bid**

**Invitation for Expression of Interest(EOI) for Consulting Services for Preparation of Master Plan of Chautara Sangachokgadhi Municipality, Chautara, Sindhupalchok**

**Contract Identification No: CSGM/EOI-01/077-78**

**First Date of publication : 2077/10/13(26th Jan,2021)**

1. Name of Project: **Preparation of Master Plan of Chautara Sangachokgadhi Municipality, Chautara, Sindhupalchok.**
2. The ChautaraSangachokgadhi Municipality Office,Chautara, Sindhupalchok has allocated fund for **Preparation of Master Plan of Chautara Sangachokgadhi Municipality, Sindhupalchok**. and intend to apply portion of this fund to eligible payments under the Contract for which this Expression of Interest is invited for National consulting service
3. The Chautara Sangachokgadhi Municipality Office,Chautara, Sindhupalchok now invites electronic bid for Expression of Interest (EOI) from eligible consulting firms ("consultant") to provide the following consulting services: **Preparation of Master Plan of Chautara Sangachokgadhi Municipality, Chautara, Sindhupalchok.**
4. Interested Eligible Consultants may obtain further information at the office of Chautara Sangachokgadhi Municipality, Office of the Municipal Executive, Chautara,Sindhupalchok, Contact no 011-620477 or may visit the website **http://www.chautaramun.gov.np**.or may visit PPMO website **www.bolpatra.gov.np/egp.**
5. Consultants may associate with other consultants to enhance their qualifications.
6. Electronic Bid, Expressions of interest shall be delivered online through e-GP system www.bolpatra.gov.np/egp on or before **28-10-2077(10-02-2021) at 12:00hrs.**
7. In case the last date of submission of the EOI documents happens to be a holiday, the next working day will be deemed as the due date but the time will be the same as stipulated.
8. EOI will be assessed based on Qualification 40.0 %, Experience 50.0 %, and Capacity 10.0 % of consulting firm and key personnel. Based on evaluation of EOI, only shortlisted firms will be invited to submit technical and financial proposal through a request for proposal.
9. Minimum score to pass the EOI is 60 marks.
10. The Employer reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.
11. Any matter not covered by this notice shall be as per other mandatory information as per PPA and PPR. (With all amendments) of GON.
12. If there are any changes or correction in notice or on Bid document, the notice will be published in Chautara Sangachokgadhi Municipality notice board, Municipality Official Website and in bid addendum.

**Acting Chief Administrative Officer**
**Chautara Sangachokgadhi Municipality**



## केवलपुर एग्रो फार्म प्रा.लि.
Kewalpur Agro Farm P. Ltd.

मिती: २०७७/१०/१३

### सिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

वाग्मती प्रदेश, कृषि विकास निर्देशनालय, मकवानपुर तथा यस केवुलपुर एग्रो फार्म प्रा.लि. बीच भएको सम्झौता बमोजिमको साझेदारी/सहकार्यमा थाक्रे गाउँपालिकामा तपसिलमा उल्लेखित मालसामान खरिद तथा निर्माण कार्य गराउन परेको हुनाले इच्छुक निर्माण व्यवसायी, उत्पादक/वितरक तथा आपूर्तिकर्ताहरुले ७ (सात) दिन भित्र अद्यावधिक भएको दर्ता प्रमाण–पत्र तथा कर चुक्ताको प्रमाण–पत्रको प्रतिलिपि सहितको लिखित अनुरोधमा यस कार्यालयबाट उपलब्ध हुने बोलपत्र फारम भरी पेश गर्नुहुन अनुरोध गरिन्छ ।

**तपसिल**

| क्र.सं | विवरण | परिमाण | कूल लागत | कैफियत |
|---|---|---|---|---|
| १. | पानी स्टोरेज ट्यांक | १००००० लि. को १ वटा | ३८,००,०००/- | निर्माण |
| २. | तरकारी सेमी हाइटेक पोली हाउस | १००८ व.मी | २७,७२,०००/- | निर्माण |
| ३. | नर्सरी विकासका लागि हाईटेक ग्रिन हाउस | ६५०० व.मी | १३,८२,०००/- | निर्माण |
| ४. | जुस प्रेसिङ्ग मेशिन | १ थान | ३५,००,०००/- | क्याटलग विधि |

**केवलपुर एग्रो फार्म प्रा. लि.**
थाक्रे-१०, धादिङ्ग, फो.नं.: ९८५११५७०१४, ९८५१०६४४६६



## Aanbookhaireni Rural Municipality
### Aanbookhaireni,Tanahun-3
### Gandaki, Province

**Invitation for Online Bids**

First date of publication: 26th Jan 2021(B.S.2077-10-13)

Aanbookhaireni Rural Municipality, Aanbookhaireni Tanahun invites electronic bids from Nepalese eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following works under National Competitive Bidding. All Other information and Bid Documents can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

Information to deposit the cost of bidding Document in bank:
Name of Bank :-Machhapuchhre bank Ltd. Tanahun
Name of Office :- Aanbookhaireni Gaupalika office,Tanahun
Office Account no for Bidding Document Fee:-2701524618454076
Office Account no for Bid Security Fee:-2701524618454157
Last Date of Bid Purchase and submission: 10th Feb,2021,12:00 Hrs

| S.N. | Contract I.D. | Description and Location of Works | Estimated Amount (Excluding VAT,PS,Contingencies) NRS | Bid Security amount in NRs | Payment of non-refundable amount in NRs |
|---|---|---|---|---|---|
| 1 | AKRM/AGLDW/NCB/12/077/78 | Aaudhogikgram Land Development Works | 2563477.7 | 80000.00 | 3000.00 |
| 2 | AKRM/RPW/NCB/13/077/78 | Road Pavement Construction of Bhadaure Motormarg | 2002307.05 | 650000.00 | 3000.00 |



### चितवन पार्क कटेजको संक्षिप्त वातावरणीय अध्ययनका लागि राय सुझाव पठाउने बारेको सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति २०७७।१०।१३

चितवन पार्क कटेजले चितवन जिल्ला, रत्ननगर नगरपालिका वडा नं. ६, मा १८ कोठामा ३६ शैय्या क्षमताको कटेज संचालन गर्ने छ । यस सिलसिलामा यो कटेज संचालनबाट यस क्षेत्रको भौतिक, जैविक, सामाजिक, आर्थिक, संकृतिक तथा रासायनिक वातावरण र यिनका अवयवहरु तथा यिनीहरु बिचको अन्तरसम्बन्धमा पर्ने प्रभाव बारे तल उल्लेखित ठेगानामा १५ दिन भित्र पुग्ने गरी लिखित राय सुझावहरु पठाइदिनु भई यो संक्षिप्त वातावरणीय अध्ययन प्रकृयामा सहभागी हुनु हुन सम्बन्धित सरोकारवाला व्यक्ति, संघ/संस्थाहरुको जानकारीका लागि यो सार्वजानिक सूचना प्रकाशित गरिएको छ ।

**राय सुझावहरु पठाउनका लागि ठेगाना**

| प्रस्तावक | सम्बन्धित स्थानिय निकाय | परामर्शदाता | सम्बधित मंत्रालय |
|---|---|---|---|
| चितवन पार्क कटेज, रत्ननगर नगरपालिका वडा नं. ६, सौराहा चितवन। फोनः ९८४५१६३९८३ email: decraju@yahoo.com | रत्ननगर न. पा. कार्यालय, वडा नं. ६ को कार्यालय, सौराहा, चितवन। फोनः ०५६-५८०००३ email: ratnanagarward6@gmail.com | कालिस्टो ईन्जिनियरिङ्ग कन्सल्टेन्सी, बानेश्वर, काठमाण्डौ। फोनः ९८४१६६६९२७ email: kallistoengineering@gmail.com | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, बागमती प्रदेश, हेटौडा। फोनः ०५७-५२६२२६ email: moitfe.bagmati@gmail.com |



### सडक डिभिजन पोखराको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०७७/१०/१३

यस कार्यालयको बोलपत्र आह्वानको सुचना नं ०५/०७७/७८ अनुसार प्राविधिक मूल्यांकनमा सफल भएका बोलपत्रहरु मध्येबाट मिति २०७७/०९/२४ मा खोलिएको आर्थिक प्रस्ताव अनुरुप न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राहि तपसिलको ठेक्का नम्बरको बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं | निर्माण कार्यको विवरण | निर्माण व्यवसायिको नाम | कबोल अंक (मु.अ. कर र पि.एस. बाहेक) |
|---|---|---|---|
| DROPKR/ 337011324/077/78-27 | Bridge Protection/ Maintenance and Black Top Road Work at Fusrekhola, Dobilla, Kaski | Ajad Nirman Sewa, Kathmandu | १,६५,०८,०८७.५० |



### इभर ग्रीन ईको–लजको संक्षिप्त वातावरणीय अध्ययनका लागि राय सुझाव पठाउने बारेको सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति २०७७।१०।१३

इभर ग्रीन ईको–लजले चितवन जिल्ला, रत्ननगर नगरपालिका वडा नं. ६ मा १८ कोठामा ३२ शैय्या क्षमताको लज संन्चालन गर्ने छ । यो लज संन्चालनबाट यस क्षेत्रको भौतिक, जैविक, सामाजिक, आर्थिक, सांस्कृतिक तथा रासायनिक वातावरण र यिनका अवयवहरु तथा यिनीहरु बिचको अन्तरसम्बन्धमा पर्ने प्रभाव बारे तल उल्लेखित ठेगानामा १५ दिन भित्र पुग्ने गरी लिखित राय सुझावहरु पठाइदिनु हुन सम्बन्धित सरोकारवाला व्यक्ति, संधसंस्थाहरुको जानकारीका लागी यो सार्वजानिक सूचना प्रकाशित गरिएको छ ।

**राय सुझावहरु पठाउनका लागि ठेगाना**

| प्रस्तावक | सम्बन्धित स्थानिय निकाय | परामर्शदाता | सम्बधित मंत्रालय |
|---|---|---|---|
| इभर ग्रीन ईको–लज, रत्ननगर नगरपालिका वडा नं. ६, सौराहा, चितवन। फोनः ९८५५०६६७५३ email: surya.lama1777@gmail.com | रत्ननगर न. पा. कार्यालय, वडा नं. ६ को कार्यालय, सौराहा, चितवन। फोनः ०५६-५८०००३ email: ratnanagarward6@gmail.com | कालिस्टो ईन्जिनियरिङ्ग कन्सल्टेन्सी, बानेश्वर, काठमाण्डौ। फोनः ९८४१६६६९२७ email: kallistoengineering@gmail.com | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, बागमती प्रदेश, हेटौडा। फोनः ०५७-५२६२२६ email: moitfe.bagmati@ gmail.com |



**प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
### जलस्रोत तथा सिंचाइ विकास डिभिजन
**बागमती प्रदेश**
**धुलिखेल, काभ्रे**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना**

मिति २०७७/१०/१३ (January 26, 2021)

यस कार्यालयको KFAED अन्तर्गत संचालित राजकुलो सिंचाइ उप आयोजना, पाँचखाल न.पा. ३, ४ र ७ काभ्रेको (ठेक्का नं.: ISIP/WRIDDKAVRE/RAJKULO/NCB/01/077/78) को निर्माण कार्यको लागि मिति २०७७/०७/२३ को "नयाँ पत्रिका" राष्ट्रिय दैनिक मा प्रकाशित सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका बोलपत्रदाताहरुको प्राविधिक बोलपत्रहरुको मुल्यांकन गर्दा तपशिल बमोजिमका बोलपत्रदाताको प्राविधिक बोलपत्र सारभूतरुपमा प्रभावग्राही तथा प्राविधिक रुपमा योग्य रहेको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ङ) को उपनियम ५ बमोजिम निजको आर्थिक प्रस्ताव तपशिल बमोजिमको स्थान, मिति र समयमा खोलिने हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| बोलपत्रदाताको नाम ठेगाना | आर्थिक बोलपत्र खोलिने |
|---|---|
| M/S M/S Bandan Bhagwati-SAP JV., Battisputali, Kathmandu<br>M/S Jagadamba Nirman Sewa Company Pvt. Ltd., Kathmandu | **स्थान:** जलस्रोत तथा सिंचाइ विकास डिभिजन, धुलिखेल, काभ्रे<br>**मिति:** २०७७/०९/२० (February 02, 2021)<br>**समय:** दिनको १ बजे |

**डिभिजन प्रमुख**